नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

(योजना शाखा)

प.सं.: ०७४।७५ यो

च.नं ३४८

मितिः-२०७४।१२।१४

**बिषय : कुटनीतिक प्रतिनिधिसंग गर्ने भेटघाट सम्बन्धमा ।**

**श्री जिल्ला समन्वय समिति सवै (७७) ।**

**श्री गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका सवै (७५३) ।**

प्रस्तुत बिषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको च.नं. ५३-२०७४।७५-४६०१ मिति २०७४।१२।१३ को पत्रबाट "नेपाल स्थित विदेशी नियोग र नेपाल भ्रमणमा आउने अन्य विदेशी पदाधिकारीबाट स्थानीय तहका पदाधिकारीसंग भेटघाटको लागि आएमा परराष्ट्र मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र भेटघाट गर्ने गराउने" व्यवस्थाको लागि लेखि आएको छ । नेपालस्थित विदेशी कुटनैतिक नियोगका पदाधिकारी र नेपाल भ्रमणमा आउने अन्य विदेशी पदाधिकारीले नेपाल सरकारका पदाधिकारीसंग भेटघाट गर्न परराष्ट्र मन्त्रालय मार्फत समन्वय भै भेटघाट हुने गरेको व्यहोरा अनुरोध छ । संघीयताको कार्यान्वयन सँगै तीन तहका सरकारका प्रतिनिधिले विदेशी कुटनीतिज्ञसँग भेटघाट गर्ने सम्बन्धमा आवश्यक मापदण्ड वन्ने क्रममा रहेकोले सो मापदण्ड नवनेसम्मको लागि यस्तो भेटघाट परराष्ट्र मन्त्रालयको पूर्व स्विकृति लिएर मात्र गर्नुहुन मिति २०७४।१२।१४ को (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ । साथै सो सम्वन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र परराष्ट्र मन्त्रालयबाट प्राप्त पत्र यसैसाथ संलग्न रहेको व्यहोरा अनुरोध छ ।

(केशवराज सुवेदी)

शाखा अधिकृत

बोधार्थः-

श्री सूचना तथा विद्युतिय शासन शाखाः पत्र Website मा राखिदिनु हुन ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रशासन पुनः संरचना शाखा)

सिंहदरवार

प.सं.

च.नं.५३-२०७४/७५ - ४६०१

मिति २०७४।१२।१३

विषयः- कुटनीतिक प्रतिनिधिले गर्ने भेटघाट सम्वन्धमा ।

१२३१
०७४।१२।१६

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार ।

उपर्युक्त विषयमा परराष्ट्र मन्त्रालयको प.सं.प्रो/प्रो-S/६५०१ मिति २०७४।१२।०८ गतेको पत्रको छायाँप्रति यसै साथ संलग्न छ । उक्त पत्रमा उल्लेख भए अनुसार नेपाल स्थित विदेशी नियोग र नेपाल भ्रमणमा आउने अन्य विदेशी पदाधिकारीवाट स्थानीय तहका पदाधिकारीसंग भेटघाटको लागि अनुरोध भई आएमा परराष्ट्र मन्त्रालयको पूर्व स्वीकृती लिएर मात्र यस प्रकारका भेटघाट गर्ने गराउने व्यवस्थाको लागि तहाँवाट सवै स्थानीय तहहरुमा आवश्यक जानकारी गराइदिने व्यवस्था हुन आदेशानुसार अनुरोध गर्दछु ।

(प्रेमलाल लामिछाने)
उपसचिव

सादर अवगतार्थः
श्रीमान् मुख्य सचिवज्यू,
नेपाल सरकार ।

वोधार्थः
श्रीमान् सचिवज्यू,
परराष्ट्र मन्त्रालय, सिंहदरवार ।

टेलिफोन : ४२००२२४, ४२११९०८, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@nepal.gov.np

नेपाल सरकार
# परराष्ट्र मन्त्रालय
काठमाण्डौ, नेपाल

श्री सचिव आवश्यक तु. पत्राचारार्थ
२०७४/१२/१३

मिति: २०७४/१२/०८

प.सं. प्रो/प्रो-S/६५०१

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

श्रीमान् मुख्य सचिवज्यू
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार ।

८५४२
७४।१२।१३

विषयः कूटनीतिक प्रतिनिधिले गर्ने भेटघाट सम्बन्धमा।

महोदय,

नेपालस्थित विदेशी कूटनैतिक नियोगका पदाधिकारीहरु र नेपाल भ्रमणमा आउने अन्य विदेशी पदाधिकारीहरुले नेपाल सरकारका पदाधिकारीहरुसग भेटघाट गर्न परराष्ट्र मन्त्रालय मार्फत समन्वय भई भेटघाट हुने गरेको व्यहोरा महोदयमा अवगतै छ । हालै सम्पन्न तीन तहको निर्वाचन पछि गठन भएका स्थानीय, प्रदेश तहका सरकारी पदाधिकारीहरुलाई यस मन्त्रालयको जानकारी बेगर केही विदेशी कूटनैतिक नियोगका पदाधिकारीहरुले भेटघाट गरेको बुझिन आएको छ ।जसका कारण विदेशी सरकारसंग हुने विभिन्न कार्यको समन्वय गर्न समस्या हुने र छलफलमा उठेका विषयहरु अभिलेख नहुने अवस्था सिर्जना भएको छ ।

यसरी हुने भेटघाटहरुलाई व्यवस्थित गर्ने प्रयोजनका लागि मापदण्ड बन्ने प्रक्रियामा रहेको छ । अतः उक्त मापदण्ड तयार भईनसकेको अवस्थामा नेपालस्थित विदेशी नियोग र नेपाल भ्रमणमा आउने अन्य विदेशी पदाधिकारीहरुको लागि भेटघाट मिलाउन सिधै अनुरोध भई आएमा त्यस प्रकारका भेटघाट परराष्ट्र मन्त्रालयको पूर्व स्विकृती लिएर मात्र गर्ने गराउने व्यवस्था हुन तहांबाट स्थानीय एवं प्रदेश सरकारका सम्बन्धित सवै निकायहरुलाई जानकारी गराइदिने व्यवस्थाका लागि अनुरोध गरेको छु । सादर,

भवदीय,

(शंकरदास बैरागी)
सचिव

शासकीय सुधार महाशाखा

तुरुन्त पत्राचार
गर्नु।
२०७४।१२।१३